## मेन्छयायेम गाउँपालिकाको छैठौ गाउँ सभामा प्रस्तावित
## आ.ब. ०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम

**सम्पूर्ण सभासद् ज्यूहरू,**

सर्वप्रथम म जनता र राष्ट्रको समृद्धि तथा राजनीतिक तथा सामाजिक परिवर्तनका सबै आन्दोलनमा अमूल्य जीवनको वलिदानी गनुहुने सम्पूर्ण ज्ञात, अज्ञात अमर शहीदहरूमा भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै शहीदहरूको सपना र मागदर्शन अनुरूपको नयाँ नेपाल निर्माण गर्ने यो महान यात्रालाई सार्थक तुल्याउने कार्यमा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु ।

नेपालको संविधान २०७२ को कार्यान्वयन सगै २०७४ साल असार १४ गतेका दिन सम्पन्न स्थानीय निकायको निर्वाचनमा तपाइ हामी यस मेन्छयायेम गाउँपालिकाको प्रतिनिधि भै कार्यभार सम्हालेको तीन वर्ष पुरा भएको अवस्थामा जनताको विकास चाहानालाई सम्बोधन गर्दै आएका छौ । यस सन्दर्भमा हामीलाई मार्गदर्शन गर्दै गाउँपालिकाको नेतृत्व प्रदान गर्नु हुने मलगायत सम्पूर्ण सभासद ज्यूहरू, सम्पूर्ण गाउँपालिकामा कार्यरत्त कर्मचारीहरू तथा वौद्धिक समुदाय प्रति हार्दिक अभिवादन तथा सम्मान व्यक्त गर्दछु ।

**सभाध्यक्ष ज्यू**

संघीय लोतान्त्रिक गणतन्त्र नेपालको संबिधान २०७२ जारी भए सँगै सोही संविधानको आधारमा सम्पन्न स्थानीय तहको संरचना अनुसार ऐतिहासिक निर्वाचनद्वारा गठन भएको प्राकृतिक रूपमा सुन्दर तेह्रथम जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण केन्द्र बोकेको यस मेन्छयायेम गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा ऐतिहासिक कुराहरूलाई कायम राख्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७.अनुसार यस गरिमामय छैटौ गाउँसभामा आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**आदरणीय सभाध्यक्ष तथा सभासद ज्यूहरू,**

गत सभामा प्रस्तुत गरिएका गाउँवासीका चाहाना तथा समस्याहरू यथावत कायम रहेका हुँदा सोही कुरा यहाँ उल्लेख गरेको छु 'गाउँबासीहरूमा विकास निर्माणको चाहाना अधिकार हुनु स्वभाविक नै छ । यस्तो अवस्थामा उपलब्ध साधनस्रोतको समुचित व्यवस्थापन र प्रयोगद्वारा गाउँवासीको चाहाना बमोजिम मेन्छयायेम गाउँपालिकाको समृद्धि र विकासको लागि अधिकतम प्रगति हासिल गर्ने कुरामा गाउँ कार्यपालिका सफल हुन्छ भन्ने मैले विश्वास लिएको छु । स्थानीय सरकारमा जनताको सहज पहुँच र जनता संग निकटता हुने भएको हुँदा जनता र जनप्रतिनिधि मूलक संस्थाबीच अन्योन्याश्रित सम्बन्ध कायम राख्न कटिबद्ध रहेने छ । बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मेन्छयायेम गाउँपालिकालाई समृद्धिको बाटोतर्फ डोर्‍याउन यहाँ रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक र विशेषताहरूको संरक्षण गर्दै नयाँ सम्भावानाहरूको खोजि गर्नु पर्ने आवश्यता रहेको छ ।' यस मेन्छयायेमवासीले हामीलाई सुम्पिएको जिम्मेवारी, हामीलाई गरेको बिश्वास मूलतः सुशासन सहितको बिकास र समृद्धिको जनआकांक्षा पुरा गर्न म लगायत सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरू यस महान अभियानका लागी निरन्तर लागि पर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

प्रस्तुत नीति तथा कार्यक्रम आ.ब. २०७६/७७ कै निरन्तरता तथा विश्वव्यापिरूपमा फैलिएको कोरोना भाईरस ( कोभिड १९) ले पारेको असर तथा प्रभावबाट सिर्जित समस्यालाई समाधान गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रयालयको मार्गदर्शन, संघीय सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमले परिलक्षित गरेका लक्ष्य, १५ औं आवधिक योजनाको मर्म तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका प्रावधानहरू, साथै विभिन्न तहबाट प्राप्त हुन आएका सुझाव समेतका आधारमा तयार गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

*'पर्यटन कृषिको व्यवसायिकता मेन्छयायेम गाउँपालिकाको आधार, स्वाभिमान समृद्धि र समानताको लागि मेन्छयायेम सरकार'* भन्ने यस गाउँपालिकाको दुर दृष्टिलाई चरितार्थ गर्न जातीय, धार्मिक, भाषिक सांस्कृतिक तथा भौगोलिक बिविधतायुक्त सामाजिक एकता भएको प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस गाउँपालिकालाई थप पर्यटकीय, शैक्षिक, आर्थिक, सामाजिक रूपमा समृद्ध बनाउँदै लैजानका लागि आ.ब. २०७७/७८ का लागि यो नीति तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## १. पूर्वाधार विकास नीति :

### १.१ सडक तथा पुल

१.१.१. सडक निर्माण र स्तारोन्नति गर्दा धेरै जनसंख्या लाभान्वित हुने र कृषि उपज बस्तु बजारसम्म पुग्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईने नीति अवलम्बन गरीनेछ ।

१.१.२ यस गाउँपालिका क्षेत्रभित्रका प्रमुख सडकहरूलाई स्तरोन्नति गरी बाह्रै महिना यातायात सञ्चालन हुने बनाउन प्राथामिकता दिईनेछ । यो कार्यक्रम सञ्चालन गर्दा माथि १.१.१ मा परेका सडक मध्येबाट लाभान्वित जनसंख्याको आधारमा कम्तिमा **'१ वडा १ सडक'** योजनाको रूपमा निर्माण गरिने नीति अवलम्बन गरिनेछ ।

१.१.३ अब निर्माण हुने नयाँ सडकहरू छ मिटरभन्दा कम भएमा लगानी नगर्ने नीति अवलम्वन गरिनेछ ।

१.१.४.जनसहभागितामा आधारित सडक योजनाहरू सञ्चालनको लागि ६० तथा ४० अंसदानको नीति बनाई सञ्चालनमा ल्याईनेछ । नयाँ सडक खन्ने कामलाई क्रमशः रोक लगाउँदै जाने रणनीति अवलम्वन गरिनेछ ।

१.१.५ मोराहाङ्ग बजारमा भइरहेको कालोपत्रे गर्ने काम यस आर्थिक वर्षमा पुरा गर्न आवश्यक समन्वय गरी काम सम्पन्न गर्ने आधार तयार गरिनेछ ।

१.१.६ बसपार्क निर्माण कार्यलाई निरन्तरता दिई चाँडै सम्पन्न गर्ने आवश्यक व्यवस्था मिलाईनेछ ।

१.१.७ यस गाउँपालिकामा निर्माण शुरू भएका सबै खाले पुलहरू यसै आवमा सम्पन्न गर्न आवश्यक समन्वय गरिने छ ।

### १.२ सिंचाइ

१.२.१ वर्तमानमा अवस्थामा सञ्चालित सिंचाई योजनाहरूको स्तरोन्नति गरी थप क्षेत्रमा सिंचाइ सुविधा विस्तार गर्ने नीति अवलम्वन गरिने छ ।

१.२.२ सिंचाई मर्मत सम्भार कोषको स्थापनाका लागि ***'मेरो पानी मेरो पनि लगानी, पानी नचल्दा हामीलाई नै हुन्छ हैरानी'*** कार्यक्रम अर्न्तगत ३ प्रतिशत रकम जुटाई मर्मत सम्भार कोष खडा गर्ने कार्यलाई थप व्यावस्थित बनाईने छ । यसरी जम्मा भएको मर्मत सम्भार कोषमा जम्मा हुन आउने रकम कोषको नियमावली बनाएर मात्र खर्च गर्ने व्यवस्था मिलाईने छ ।

१.२.३ समुदायको सहभागितामा सबै सिंचाइ कुलोको व्यवस्थापन गर्न उपभोक्ता समिति गठन गरी अनिवार्य गाउँपालिकामा दर्ता गरी दिगो व्यवस्थापन गर्न पहल गरिनेछ ।

### १.३ भवन

१.३.१. गाउँपालिकामा योजना तथा कार्यक्रम सञ्चालन गर्दा विगतमा नै तयार भएको राष्ट्रिय भवन निर्माण आचार संहिता अनुसार गर्न नीति अवलम्बन गरिनेछ ।

१.३.३ निजी आवास तथा संघ संस्थाले भवन निर्माण गर्दा अनिवार्य गाउँपालिकामा नक्सा पास गरेर मात्र निर्माण गर्ने परिपाटीलाई थप व्यवस्थित गर्दै लगिने छ ।

१.३.४ गाउँपालिकाको प्रशासनिक भवन, वडा कार्यालयहरू वार्ड नं. १, ४ र ६ मा निर्माण गर्न यसै आ.व बाट पहल गरिने छ ।

वार्षिक नीति तथा कार्यक्रम

**१.४ उर्जा**

१.४. १ 'घर घरमा ***उज्यालो हाम्रो मान, उज्यालो गाउँपालिका निर्माण गर्ने हाम्रो अभियान'*** कार्यक्रम मार्फत गाउँपालिका भित्रका सबै घरहरूमा, विद्यालय, मठमन्दिर, सामाजिक संघ संस्थाका भवनहरूमा यसै आ.ब.मा विद्युत उपलब्ध गराई उज्यालो मेन्छयायेम गाउँपालिका घोषण गर्ने नीति अवलम्वन गरिनेछ ।

१.४.२ बैकल्पिक उर्जाको रूपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रूपमा बायो ग्यासको विकास गर्न निजी क्षेत्र तथा गैर सरकारी संस्थासँग आवश्यक समन्वय गर्ने कार्यक्रम तय गरिनेछ ।

१.४.३ विद्युतको दिगो व्यवस्थापनलाई सुरक्षित र उज्यालो गाउँपालिकाको रूपमा परिचित गराउन यस आ.ब. ०७७/७८ भित्रै सबै काठका पोलहरू विस्तापित गरी मोराहाङ्ग, श्रीजुङ्ग र पौठाक बजारमा सडक बत्ति जडान गरिने छ ।

१.४.४ नेपाल विद्युत प्राधिकरण, स्थानीय बजारबासी तथा सामाजिक संघ संस्थाहरूको सहकार्यमा विद्युतीय सडक बत्तीको ब्यवस्थापनमा सौर्य सडक बत्तीको व्यवस्थापनका लागी आवश्यक योजना तयार गरिनेछ ।

**१.५ सञ्चार**

१.५.१ प्रत्येक वडा कार्यालयमा Land Line लाइन फोन सहित इमेल, इन्टरनेटको सहज व्यवस्थापन गरी कामलाई व्यवस्थित तथा छिटो गर्न नेपाल दुर सञ्चार कार्यालय सँग आवश्यक समन्वय गरी कार्यान्वयन गरिनेछ ।

१.५२. गाउँपालिकाका सबै कार्यक्रमलाई गाउँपालिकाको Web Site मा व्यवस्थापन गर्ने कार्यलाई थप व्यवस्थित तथा जवाफदेहितामा वृद्धि गरिनेछ ।

१.५.३ खोजमुलक र अनसन्धानमुलक जानकारीका लागि पत्रपत्रिका तथा सामुदायिक रेडियोहरूसँग समन्वय गरिनेछ । विकास गतिविधिमा उत्कृष्ट कलम चलाउने गाउँपालिका भित्रका प्रत्रकारहरू मध्येबाट १ जनालाई विकास पत्रकारिता पुरस्कारले पुरस्कृत गर्ने नीति अबलम्बन गर्दै लगिनेछ ।

१.५.४ सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न गाउँपालिकाले आफ्नो गतिविधिहरूलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रूपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिकरण गर्ने व्यवस्था मिलाइ नियमित कार्यक्रमको रूपमा सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

**२ सामाजिक विकास नीतिः**

**२.१ शिक्षा**

२.१.१ शिक्षामा सुशासन कायम गर्न गाउँपालिका क्षेत्रका सबै समुदायिक विद्यालयहरूमा ई-हाजिरी प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

२.१.२ सबै विद्यालयका सबै उमेर समूहका विद्यार्थीलाई साप्ताहिक अतिरिक्त क्रियाकलाप मार्फत बौदिक विकासमा सहयोग गरी नियमित खेलकुद प्रतिस्पर्धा गराउँने परिपाटीको विकास गरिनेछ ।

२.१.३. **'बालमैत्री गाउँपालिका घोषणा कार्यक्रम'** का सुचकहरू तय गरी विद्यालय क्षेत्रभन्दा बाहिर रहेका उमेर पुगेका बालबालिकाहरूलाई विद्यालयसम्म पहुँच पुऱ्याउन विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाइनेछ ।

२.१.४ गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयमा अध्यनरत दलित विद्यार्थीहरू मध्येबाट SEE परीक्षामामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १ जना छात्रा तथा १ जना छात्रलाई गाउँपालिका पुरस्कारले सम्मान गर्ने कार्य शुरू गरिनेछ ।

२.१.५ **'गाउँपालिका अध्यक्ष पुरस्कार कोषको स्थापना'** गरी गाउँपालिका भित्रका सबै विद्यालयबाट कक्षा १०+२ परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १ जना छात्रा तथा १ जना छात्रलाई अध्यक्ष पुरस्कारले पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।

२.१.६ ***'हाम्रो साक्षर गाउँ, छोराछोरीको भविश्य निर्माणका लागि विद्यालय सुधारौं'*** अभियानमार्फत वडा कार्यालयबाट मासिक रूपमा अनुगमन गर्ने परिपाटीको सुरूवात गरिनेछ ।

२.१.७ विद्यालय व्यवस्थापन समित, गाउँ शिक्षा समिति तथा विषयगत शिक्षकहरूको क्षमता विकासकालागि आवश्यक तालिमको पहिचान गरी सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

२.१.८ ***'सबैका लागि र सधैंका लागि शिक्षा'*** कार्यक्रम भन्ने नारालाई मूर्तरूप दिन विद्यार्थी र शिक्षक संवाद, शिक्षक र अभिभावक संवाद, गाउँपालिका र व्यवस्थापन समितिबीच संवाद जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२.१.९ सबै विद्यालयमा कक्षा अनुसार दरवन्दी मिलान गर्न तथा इन्टरनेटको व्यवस्थापन गर्न आवश्यक प्रयत्न गरिनेछ ।

**२.२ स्वास्थ्य**

२.२.१ मेन्छयायेम गाउँपालिकामा १५ शैयाको अस्पताल सञ्चानका लागि स्वीकृति मिलिसकेको र २४ सै घण्टा सेवा प्रदान हुने व्यवस्था मिलाई थप सुविधा सम्पन्न बनाउन सहयोग गरिनेछ ।

२.२.२ अस्पतालमा एउटा एम्बुलेन्स व्यवस्था मिलाइ गाउँबासीको सेवामा पहुँच पुर्‍याउने नीति लिइनेछ । अस्पतालको पुरानो भवनको छाना मर्मतको काम यसै आ.ब.मा सम्पन्न गरिनेछ ।

२.२.३ वडामा रहेका स्वास्थ्य चौकीको स्तरोन्नति गरी आवश्यक उपकरण, औषधि, खोपको वितरण समूचित रूपमा उपलब्ध गराइनेछ ।

२.२.४ स्वास्थ्य तथा सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरि HIV/AIDS, कोरोना भाइस, लागुपदार्थ, दुर्व्यसनी भाइरसजन्य प्रकोपजस्ता माहामारीवाट बच्न तथा तिनीहरूको नियन्त्रण गर्न संघीय सरकार, प्रादेशिक सरकार तथा विभिन्न संघसंस्थाहरूसँग सहयोग, समन्वय र साझेदारी गरी रोकथाम गर्ने नीति अवलम्बन गरिनेछ ।

२.२.५ नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमलाई गाउँवासीहरूमा प्रचार-प्रसार तथा प्रोत्साहन गरिनेछ ।

२.२.६ किशोरकिशोरीहरूको लागि यौन तथा स्वास्थ्य सचेतना कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

२.२.७ प्रत्येक वडामा जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षणका लागि वर्षमा एक पटक अनिवार्य चेक जाचको कार्यक्रम लागू गरिनेछ ।

२.२.८ यस गाउँपालिकामा रहेको अस्पतालमा एक औषधि पसल (फार्मेसी)को व्यवस्थापन गर्ने व्यवस्था मिलाईनेछ ।

**२.३ खानेपानी तथा सरसफाई**

२.३.१ प्रत्येक घरमा स्वच्छ खानेपानी उपलब्ध गराउन प्रभावकारी नीति बनाइ गाउँपालिका क्षेत्रमा क्रियाशिल सबै उपभोक्ता समितिहरूसँग समन्वय गरी खानेपानीको व्यवस्थापनमा निरन्तर सहयोग गर्ने नीति अबलम्बन गरिने छ ।

२.३.२ ***फोहोरजन्य वस्तुको उचित व्यवस्थापनका लागि डस्बिन*** कार्यक्रम अन्तरगत बजार क्षेत्रमा १ घर १ डस्विन तथा ग्रामीण क्षेत्रमा स्थानीय उत्पादन डोको डस्बिन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउँदै लगिनेछ ।

२.३.३ चर्पी नभएका घरधुरी तथा मापडण्ड नपुगेका चर्पीहरूको पहिचान गरी निर्माण सम्पन्न गर्न सहजिकरण तथा पूर्ण सरसफाई कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

२.३.४ खानेपानीको सुरक्षा तथा आर्थिक बचतकालागि वजार क्षेत्रमा अनिवार्य मिटर प्रणाली जडान गर्ने कार्यको सुरूवात गरिनेछ ।

**२.४ खेलकुद तथा संस्कृति**

२.४.१ **'खेलकुद विकासमा युवाको समयदान, प्रत्येक वडामा खेलमैदान'** कार्यक्रम अन्तरगत स्थानीय समुदायको सहभागितामा प्रत्येक वडामा १ वटा वडास्तरीय खेलमैदान निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

वार्षिक नीति तथा कार्यक्रम

२.४.२ गाउँपालिकाको ५ नं. र ४ नं. वडामा रहेको खेल मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न पालिका स्तरीय खेल मैदनको रूपमा विकास गर्न गाउँपालिका तथा प्रदेश सरकारको साझेदारीमा निर्माण सम्पन्न गर्न यसै आ.ब. देखि बजेटको व्यवस्थापन मिलाउन समन्वय गरनेछ ।

२.४.३. पालिकास्तरीय खेलकुद समिति गठन गरी सो समिति मार्फत खेलकुद योजना तर्जुमा गरी प्रत्येक वर्ष **अध्यक्ष कप** फुटबल तथा भलिवल प्रतियोगिता सञ्चालनलाई निरन्तरता गरिनेछ । यसै अवसरमा खेलाडी तालिम तथा उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने कार्यक्रम समावेश गरिनेछ ।

२.४.४ सबै भाषा, धर्म, संस्कृति, परम्परा तथा रितिरिवाजलाई सम्मान गर्दै आवश्यकताका आधारमा सबैलाई जर्गेना गर्न सहयोग गर्ने नीतिलाई अबलम्बन गर्दै लगिनेछ ।

२.४.५ स्थानीय मठ, मन्दिर, माङहिम, देवालय, शिवालय, चर्च गुम्बा लगायतका विभिन्न धर्मका धार्मिक स्थलको विकास र संरक्षणको लागि सरोकारवाला स्थानिय वासी सँग सहकार्य गरि अघि बढाउने नीति अवलम्बन गरिनेछ ।

## २.५ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

२.५.१ समुन्नत समाजको निर्माण तथा समाजमा देखिने सबै खाले हिंसाका घटनाहरूलाई न्यूनीकरण गर्न पालिकाक्षेत्रका महिलाहरूका लागि सचेतनामूलक, क्षमता विकास, आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.२ सबै संघसंस्था, कार्यालय तथा विद्यालयहरूलाई महिलामैत्री बनाउने कार्यको लागि सहयोग गरिनेछ ।

२.५.३ आर्थिक, सामाजिक तथा जातीय रूपमा पछाडि परेका महिलाहरूलाई आयआर्जनका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.४ यस पालिका क्षेत्रका महिला उद्यमीहरूलाई सफल उद्यमी बन्न व्यवसायिक ज्ञान तथा प्रोत्साहित गरिनेछ ।

२.५.५ लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै तोकिए वमोजिम सञ्चालन गर्ने नीतिलाई कडाइका साथ लागू गरिनेछ ।

२.५.६ जेष्ठ नागरिक अनुभवका खानी तथा सदैव श्रद्धाका धरोहर हुने भएकोले उहाँहरूको सम्मानमा सुविधाजनक जेष्ठ नागरिक विश्राम स्थल निर्माण गरी यसलाई आवश्यकताका आधारमा थप विस्तार गरिनेछ । विश्रामस्थलमा सबै उमेर समूहका व्यक्तिहरू महिनामा कम्तिमा एकपटक जम्मा भई अन्तरपुस्ता अनुभव तथा सिकाई साटासाटको वातावरण निर्माण गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.७ सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध गराउन पहल गरिने छ साथै अपांगता भएका व्यक्तिहरूका लागि सामाजिक सुरक्षाका विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.५.८ बालबालिका लक्षित कार्यक्रम छनौट गर्दा बालबालिकाकै मागमा आधारित योजनाहरू छनौट गरिने छन् । र यी कार्यक्रमहरू बालबालिकाहरूले नै अधिकतम लाभ पाउने गरी रचनात्मक तथा मनोरञ्जनातमक क्षेत्रमा कार्यान्वयन गरिनेछ ।

२.५.९. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई थप व्यवस्थित तथा प्रभावकारी कार्यान्वयन गरिनेछ । यस कार्यक्रममा संलग्न हुने प्रत्येक वडाका ५ जनाका दरले ३० जनालाई निर्माण कार्यको तालिम प्रदान गरिनेछ ।

## ३ आर्थिक विकास

### ३.१ कृषि तथा पशुपंछीपालन

३.१.१ कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि, व्यावसायिकरण र विधिकरण गर्न सिंचाई महत्वपूर्ण माध्यम भएकोले कृषि सिंचाई योजनाहरू संचालन र सिचाई सुविधा नपुगेका खेतियोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन सिंचाई सम्बन्धी योजना सञ्चालनका लागि प्राथमिकता दिँदै प्रदेश तथा संघीय सरकारसँग समन्वयमा जोड दिईनेछ ।

३.१.२ **एक गाउँ, एक उत्पादन** मार्फत आर्थिक उपार्जन तथा रोजगारी सृजना गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने नीति अवलम्वन गरिनेछ । प्राविधिक तालिम उपलब्ध गराई एक गांउँ एक उत्पादन कार्यक्रमबाट प्रत्येक घरमा कम्तिमा एक घर एक रोजगार सृजना गरिनेछ ।

३.१.३ खाली रहेका जग्गाहरूलाई प्रयोगमा ल्याइ उत्पादन वृद्धिका लागि कृषि वा पशुपालन समूहलाई निश्चित अवधिका लागि लिजमा दिने नीतिलाई अबलम्बन गर्न आवश्यक नीतिहरू तर्जुमा गरिने छ ।

३.१.४ गाउँपालिका क्षेत्रभित्रका गाउँ-गाउँमा आर्थिक विकासका लागि उत्पादनमूलक, लघु उद्यम कार्यक्रम तथा एक घर एक उत्पादन विधि सञ्चालन गरिनेछ ।

३.१.४ आधुनिक प्रविधियुक्त कृषि, पशुपंछी, माछा, मौरीपालन कार्यक्रमलाई प्रोत्साहित गर्दै कृषि उपजमा किटनाशक औषधि र रसायनिक मलको प्रयोगलाई निरूत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड तथा नश्ल सुधार तथा उन्नत बीउ विजनको प्रयोग गर्ने नीति अबलम्बन गरिनेछ ।

३.१.५ प्रत्येक वर्ष एक जना उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गरिनेछ ।

३.१.६ कृषकले उत्पादन गरेका बस्तु बजार सम्म लैजान आवश्यक सहयोग तथा सरोकारवालासँग समन्वय गरिने छ ।

३.१.७ मेन्छयायेम गाउँपालिकालाई आर्थिक रूपले सम्पन्न बनाउन इस्कुस, फर्सी, काउली तथा आलु उत्पादनमा विशेष अभियान सञ्चालन गरिने छ ।

३.१.८ दुग्ध उत्पाद कृषकलाई वार्षिक प्रोत्साहन गर्ने नीति अबलम्बन गरिने छ ।

२.१.९ फलफूल खेति विस्तारका लागि निःशुल्क बिरूवा वितरण तथा उत्कृष्ट उत्पादकलाई सम्मान गरिनेछ ।

३.१.८ प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई थप व्यवस्थित तथा प्रभावकारी कार्यान्वयन गरिनेछ । यस कार्यक्रममा संलगन हुने प्रत्येक वडाका ५ जनाका दरले ३० जनालाई निर्माण कार्यको तालिम प्रदान गरिनेछ ।

## ३.२ उद्योग तथा वाणिज्य

३.२.१ घरेलु तथा साना उद्योगको प्रबर्द्धनको लागि स्थानीय स्तरमा उपलब्ध स्रोत तथा साधनको प्रयोगमा जोड दिँदै लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमी सृजना र प्रवर्द्धनका लागि प्राथामिकता दिईनेछ ।

३.२.२ स्थानीय कृषि प्रसोधन तथा गैर काष्ठ वन पैदावर जन्य उद्योगहरूको पहिचान गरि कार्यान्यन गर्न अवश्यक पहल गरिने छ ।

३.२.३ सञ्चालित साना उद्योग, होटल तथा पसलहरूलाई अनिवार्य गाउँपालिकामा दर्ता गर्ने तथा नगर्ने उद्यमी, व्यवसायीहरूलाई गाउँपालिकाबाट प्रदान गर्ने सेवामा रोक लगाउने नीति अबलम्बन गरिने छ ।

## ३.३ सहकारी

३.३.१ एक घर एक सहकारी शेयर सदस्य कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने नीति अबलम्बन गरिने छ ।

३.३.२ सहकारी व्यवस्थापक तथा कार्यरत जनशक्तिको क्षमता विकासकालागि आवश्यक सहयोग गरिने छ । साथै सक्रिय सहकारी मार्फत आयआर्जन कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गरिनेछ ।

३.३.२ सहकारी ऐनमा भएका प्रावधानहरूलाई पूर्ण रूपमा पालन गर्न सहकारी शिक्षालाई टोल-टोल सम्म पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

## ३.४ पर्यटन

**३.४.१** गाउँपालिका क्षेत्र भित्र प्रत्येक वडामा एक मनोरञ्जानात्मक स्थल निर्माण गरी पर्यटन व्यवसायलाई विस्तार गर्ने नीति अवलम्वन गरिनेछ ।

३.४.२ मेन्छयायेम ढापको पार्कलाइ पालिका स्तरीय पार्क निर्माण गर्न प्रदेश सरकार, दातृ निकाय तथा संघीय सरकार समक्ष अनुरोध गदै साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ ।

वार्षिक नीति तथा कार्यक्रम

३.४.३ संखुवासभा जिल्लाको मंगलवारे देखि भ्वाङडाँडा, पञ्चकन्या देविथान (रमिते डाँडा), गौखुरी किरातेश्वर मन्दिर, वोक्सी मारा हुदै गौखुरीधाम र इप्रुङ झरना सम्मको करिडोरलाई पर्यटन क्षेत्रको विकासकालागि DPR सहितको गुरूयोजना निर्माण गरी कार्यान्वय गरिने छ ।

३.४.४ पर्यटक आगमनको अभिलेख व्यवस्थापन गर्ने कार्य यसै आ.ब. देखि सुरूवात गरिने तथा पर्यटकीय स्थानको पहिचान खुल्ने गरी व्रोसियर तयार गरिने छ ।

३.४.५ **'पर्यटनको पुर्वाधारः विकास र समृद्धिको आधार'** को नारालाई सार्थक बनाउन गाउँपालिकाको पर्यटन विकास र संस्कृति प्रवर्द्धनका लागि पालिकाको केन्द्र भागमा हेलिप्यड निर्माण, बहुजातीय संग्राहलय भवन निर्माणको कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

३.४.५ यस गाउँपालिकामा रहेका माडलिङवा, मोराहाङ ओडार, चमेरे ओडर र वार्ड नं. २ को पोखरी संरक्षणकालागि DPR तयार गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन

### ४.१ वन तथा भू-संरक्षण

४.१.१ गाउँपालिकामा रहेका सबै सामुदायिक वनहरूमा वन जर्गेना तथा घाँस जडिबुटी जन्य प्रजातिका वृक्षारोपण काम सञ्चालन गरिने छ ।

४.१.२ सामुदायिक वन उपभोक्ता समितिको साझेदारीमा ठूला वनहरूमा आयआर्ज कार्य गर्न आवश्यक पहल गरिने छ ।

४.१.३ बढी भू-क्षय हुने स्थानको पहिचान गरी सो क्षेत्रमा भू-संरक्षण गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

### ४.२ जलाधार संरक्षण

४.२.१ गाउँपालिका क्षेत्रमा रहेका पानीका स्रोतहरूको संरक्षणमा विषेश प्राथमिकता क्षेत्र तोकी यसको संरक्षण गर्दै लैजाने कार्यक्रम तय गरिने छ ।

४.२.२ जलाधार क्षेत्रमा पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रूपमा पानी माथि प्रभाव पर्ने नपर्ने अवस्थालाई अध्ययन गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने परिपाटीको विकास गरिनेछ ।

### ४.३ जलवायु परिवर्तन

४.३.१ जलवायु परिवर्तन विश्वव्यापी समश्याको रूपमा अगाडी आइरहेको सन्दर्भमा हामीले गर्ने कार्यलाई अनुकुलन योजना बनाई कार्य गर्ने परिपाटीको सुरूवात गरिनेछ ।

४.३.२ जलवायु परिवर्तनले पार्ने असरको बारेमा जानकारीमूलक सचेतना कार्यक्रम सरोकारवाला निकाय, गैर सरकारी संस्था तथा अन्य विकास साझेदार संस्थाको सहकार्यमा गर्ने नीति अबलम्बन गरिनेछ ।

### ४.४ विपद व्यवस्थापन

४.४.१ विपद सूचना दिएर आउँदैन, त्यसैले विपद् व्यवस्थापनका लागि यस गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजना LDRMP यसै आ.ब.मा निर्माण गरी लागू गरिनेछ ।

४.४.२ विपद् व्यवस्थापनका लागि पूर्व तयारी कार्य जस्तै विपद् कोषको स्थापना, प्राथमिक उपचार टोली, खोज तथा उद्दार कार्य समूह आदिको निर्माण कार्य सरोकारवाला निकाय जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, नेपाली सेना नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा गरिनेछ ।

४.४.३ पूर्व सूचना प्रणालिको विकासका लागि स्थान तथा सहयोगी निकायको खोजी गरिनेछ ।

४.४.४ नागरिकको धन जनको क्षति कम गर्न यस गाउँपालिकामा रहेका सबै खर चित्राका छानाहरू विस्तापित गरी जस्तापाता प्रदान गर्ने कार्य यसै आ.ब.बाट सुरूवात गरिनेछ ।

४.४.५ प्राकृतिक विपद्का कारणले हुने क्षतिलाई रोक्न सकिंन । यदि प्राकृतिक प्रकोपले क्षति गरेमा क्षति गरेका घरका सबै सदस्यको स्वास्थ्य बीमा गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

४.४.६ मेन्छयायेम गाउँपालिकामा रहेका सबै घरधुरीहरूको प्राकृतिक प्रकोपबाट भएको क्षतिलाई सम्बोधन गर्न प्रत्येक घरको रू १ लाख बराबरको बीमा गर्ने कार्य अघि बढाइनेछ ।

४.४.७ मेन्छयायेम गाउँपालिकामा रहेका सबै घरधुरीहरूको प्राकृतिक प्रकोपवाट भएका क्षतिहरूलाई सम्बोधन गर्न प्रत्येक घरको १ लाख बराबरको बीमा गर्ने कार्य अघि बढाईनेछ ।

## ५ सुशासन तथा संस्थागत विकास

### ५.१ मानव संसाधन विकास

५.१.१ जनप्रतिनिधि, कर्मचारीको क्षमता र दक्षता अभिवृद्धिको लागि तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यावस्था मिलाईने छ ।

५.१.२ कार्य सम्पादन मूल्यांकनको आधारमा कामप्रति इमान्दार कर्मचारीलाई प्रोत्साहन तथा सेवाप्रति सन्तुष्टि फारमको माध्यमबाट प्राप्त सुझाबका आधारमा सेवा प्रवाह प्रणालीमा आवश्यक सुधार गरिनेछ ।

५.१.३ गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरूस्त विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी बनाउँदै आवश्यक रिक्त दरबन्दीहरूमा उपयुक्त प्रक्रियाबाट पदपूर्ति पहल गरिनेछ र हाल कार्यरत योग्यता पुरा नभएका कर्मचारीहरूलाई उपयुक्त पदमा दरबन्दी मिलान गरिनेछ ।

५.१.४ गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत पालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियामावलीको पूर्ण पालनामा जोड दिईनेछ ।

### ५.२ संस्थागत विकास

५.२.१ गाउँपालिकालाई प्रविधि मैत्री पालिकाको रूपमा परिचित गर्न गाउँपालिका तथा वडा कार्यालयका सबै कामहरू विद्युतीय माध्यबाट सञ्चालन गरी पेपर लेस सेवामा जोड दिईनेछ ।

५.२.२ गाउँपालिकाको सेवा प्रवाह प्रक्रियालाई छिटो, छरितो र अझ पारदर्शी बनाउँदै लगिनेछ । सम्मान जनक व्यावहर सहित सेवा प्राप्त गर्नु सेवाग्राहीको आधिकार हो भन्ने मान्यतालाई स्थापित गर्ने कर्मचारीहरूलाई निरन्तर प्रशिक्षित गराईनेछ ।

५.२.३ गाउँबासीहरूको सुविधाको लागि सबै वडाबाट सबै सेवा प्रदान हुने व्यवस्था गरिदै लगिनेछ ।

५.२.४ गाउँपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरूको कर्मचारीहरूमा सेवाग्राही प्रति उत्तरदायी बनाउन कर्मचारी आचारणसंहिता निर्माण गरी लागू गरिने छ । जनप्रतिनिधिहरूको समेत आचरसंहिता बनाई कार्यान्वियन गरिनेछ ।

५.२.५ यस गाउँपालिकाबाट प्रदान गर्ने सेवालाई जनमुरी बनाउन परामर्श सेवा करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ ।

५.२.६ कार्यालय परिसरमा सेवाग्राही विश्राम स्थल, सेवाग्राही सयोगी कक्ष तयार गरिनेछ ।

५.२.७ ***एकद्वार अनेक सेवा*** अवधारण वमोजिम सेवा प्रवाहको व्यवस्था अभिवृद्धिमा जोड दिईनेछ ।

५.२.११ स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न न्यायिक समितिलाई क्षमतामा विकास गरी न्यायीक कार्य सम्पादनलाई चुस्त र प्रभावकारी बनाईनेछ ।

### ५.३ राजश्व परिचालन

५.३.१. कर प्रशासन लाई छिटो, छरितो, पारदर्शी बनाउन थप नीति गत सुधार तथा कर्मचारीलाई क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

५.३.२ राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा गाउँपालिका स्तरीय कर व्यवस्थालाई अद्यावधिक गरिनेछ ।

५.३.३. एकीकृत सम्पति कर लगायत अन्य करहरू ६ वटै वडा कार्यालयबाट असुल गर्ने सफ्टवेरलाई थप प्रभावकारी व्यवस्थापन गरिनेछ ।

५.३.४ गाउँपालिकाले विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारी रूपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।

५.३.५ कर तथा शुल्क संकलनलाई नियमित र पारदर्शी बनाउन बढी संकलन गर्ने वडामा थप कार्यक्रमहरू सोही वडामा सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

**५.४ वित्तीय व्यवस्थापन**

५.४.१ गाउँपालिकाबाट सञ्चालन गरिने उपभोक्ता समिति, संघसंस्थामार्फत सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरूमा कम्तिमा ३ प्रतिशत नगद लागत सहभागिता कायमै गरिनेछ ।

५.४.२ आन्तरिक आयमा सबल भएमा मात्र गाउँको द्रुत विकास हुन सक्छ । त्यसैले पालिकालाई आन्तरिक आयमा क्रमशः सबल बनाउँदै लैजानको लागि आन्तरिक आय वृद्धि गर्न करका दर र दायराहरूलाई फराकिलो बनाउँदै लगिने व्यवस्थालाई कायमै राखिएको छ ।

५.४.३ गाउँपालिकाबाट सञ्चालन गरिने एक लाख भन्दा बढीका योजना तथा कार्यक्रममा मात्र ३ प्रतिशत आयोजना व्यावस्थापन खर्च कट्टा गर्ने व्यवस्था मिलाइने र थप १ प्रतिशत रकम उपभोक्ता समितिले मसलन्ध खर्च गर्नसक्ने व्यवस्था राखिएको छ ।

**५.५ वित्तीय जोखिम न्यूनीकरण**

५.५.१ जोखिमको अवस्थालाई मध्यनजर गर्दै जति सुकै रकम भएता पनि बैक खातावाट मात्र भुक्तानी दिइने छ ।

५.५.२ हरेक महिनाको पहिलो सातामा अघिल्लो महिनाको आम्दानी तथा खर्चको सन्तुलन गाउँपालिकाको वैठकमा पेश गर्ने परिपाटीको थालनी गरिने छ ।

५.५.३ सबै लक्षित वर्गको बजेट तथा कार्यक्रममा पर्न सक्ने जोखिमलाई कम गर्न विशेष सावधानी अपनाईनेछ ।

**५.६ सार्वजनिक सुनुवाई**

५.६.१ जनताको गुनासो सुनुवाईको लागि स्थानीय रेडियोमार्फत त्रैमासिक रूपमा पाकिलवासीसँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

५.६.२ गुनासो सुनुवाईको कार्यक्रम सञ्चालन गरी 'हेलो गाउँपालिका कार्यक्रम' सञ्चालन गरिनेछ ।

५.६.३ २. यस पालिकामा सबै क्षेत्रबाट सञ्चालित विभिन्न विकास कार्यक्रम तथा सेवाको अधिकतम सार्वजनिक गरी पारदर्शीता र जवाफदेहितामा अभिवृद्धि गरिनेछ ।

**५.७ सामाजिक परीक्षण**

५.७.१ यस गाउँपालिकावाट सञ्चालित सबै योजनाहरूको अन्तिम किस्ता भुक्तानी गर्नु अघि अनिवार्य सामाजिक लेखापरीक्षण गर्ने नीति कडाइका साथ लागू गरिने छ । यस कार्यका लागि छुट्टै कार्य नीति बनाइ गाउँपालिकाको वैठकले निर्णय गरी लागू गर्ने व्यवस्था मिलाइने छ ।

५.७.२ समुदायबाट कुनै पनि जिन्सी वा नगद प्राप्त गर्नु भ्रष्टाचार गर्नु हो त्यसैले यस गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीमा ***शुन्य सहनसिलता*** को नीति लागू गरिनेछ ।

**५.८. आन्तरिक र अन्तिम लेखा परीक्षण**

५.८.१ गाउँपालिकाको आलेप शाखा मार्फत आन्तरिक लेखापरीक्षणको कार्यलाई व्यवस्थित वनाइ प्राप्त सुझावलाई व्यवस्थापकीय सम्वोधन मार्फत सुधार गरिनेछ ।

५.८.२ हरेक आर्थिक वर्षको अन्य पछि अन्तिम लेखापरीक्षण गरी प्राप्त सुझाव अनुसार सुधार गर्दै जाने प्रक्रियालाई अवलम्बन गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय**

**सभासद ज्यूहरू**

अव म यस नीति तथा कार्यक्रम निर्माणका आधार तथा अगामी कार्य सम्पादनका केही मार्गदर्शन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**क. नीति तथा कार्यक्रम निर्माणका आधारहरू**

१ नेपालको संविधान २०७२

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३. आ.ब. २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम

४. गाउँ कार्यपालिकाले गरेका विभिन्न निर्णहरू ।

५. संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू

६. दिगो विकासका लक्ष्यहरू

७. १५ औ आवधिक योजना ।

८. सभासद ज्यूहरू तथा कर्मचारीबाट प्राप्त सुझावहरू

**ख) मार्ग दर्शनहरू**

१. जन सहभागितामूलक विकास निर्माण

२. पारदर्शिता तथा जवाफदेहिता

३. छिटो छरितो सेवा प्रवाह

४. दिगो विकास

५. समावेशिता

**आदरणिय सभासद ज्यूहरू**

हाम्रो मुलुक गरिबी, अशिक्षा, बेरोजगारीको चपेटामा परेको विधितै छ । यस समश्यावाट हामी मेन्छयायेमवासी पनि मुक्त छैनौ । मुलुकले संघीयताको स्वरूप अनुसार तीनै तहमा सरकार पाएको छ । यी सरकारहरू देश र जनताको समृद्धि हासिल गर्ने महान अभियानमा तपाई हामी सहित होमिएका छौ । यस गाउँपालिकाको समृद्धि र जनताका समस्या समाधान गर्दै नमुना गाउँपालिका बनाउन जनताले हामीलाई निर्वाचित गरी पठाउनु भएकोछ । जनताको नजरमा हामी पास हुनु छ । यो पास हुने अभियान भनेको हामीले बनाएको नीति तथा कार्यक्रम र यसलाई सघाउने योजना निर्माण नै हुन । तसर्थ गम्भीर छलफलमार्फत सही योजना तर्जुमा छलफल सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने पूर्ण विश्वास लिएको छ ।

अन्तमाः म यस मेन्छयायेम गाउँपालिकाको छैटौं सम्मानित सभालाई जनप्रतिनिधिको हैसियतले सम्बोधन गर्ने मौका पाएको अवसरमा सम्पूर्ण पालिकावासी आमावुवा, दाजुभाइ तथा दिदीबहिनीहरू, राजनैतिक पार्टीका आदरणीय नेताहरू, विभिन्न संघसंस्थाहरू, सम्पूर्ण सांसदज्यूहरू, सञ्चारकर्मी ज्यूहरू, कर्मचारी तथा सुरक्षाकर्मीहरूलगायत सम्पूर्ण पालिकाबासी प्रति कृतज्ञता ज्ञापन गदै धन्यवाद दिन चाहान्छु ।

**गितादेवी तिम्सिना गौतम**



वार्षिक नीति तथा कार्यक्रम

उपाध्यक्ष
मेन्छयायेम गाउँपालिका,तेह्रथुम

वार्षिक नीति तथा कार्यक्रम